# ६ आराधना, भजन र स्तुतिप्रशंसा

*यस अध्यायको निम्ति पढ्नुहोस्ः* १ इतिहास १६ः८-३६, भजन ३२ः१-५, भजन ५१ः१-६, फिलिप्पी ४ः८, प्रकाश ४ः९-११, प्रकाश ५ः९-१३।

***स्मरण गर्नुपर्ने पदः*** "परमेश्वरको निम्ति नयाँ गीत गाओ। हे सारा पृथ्वीका मानिसहरू हो, परमेश्वरको निम्ति स्तुति गाओ !" (भजन ९६ः१ रूपान्तरित)।

बाइबलमा राजा दाउदका कथा धेरै कारणले लेखिएको छ। इस्रायलको इतिहासको महत्त्वपूर्ण केन्द्रबिन्दुको भाग उनको जीवन र शासन थियो। उनको उचित र गलत दुवै कार्यकिलापबाट हामीले धेरै आत्मज्ञानहरू सिक्नसक्छौं।

यस अध्यायमा हामीले दाउद र उनको जीवनका केहि उदाहरणहरूबाट आराधना गर्ने शैलीको जिज्ञासालाई गहिरिए खोतलेर हेर्न सुरु गर्नेछौं। परमेश्वरको आराधना गर्ने भनेको के हो? उनको उपासना कसरी गरिन्छ? के तत्वहरूलाई समावेश गरेर उहाँको उपासना गर्ने? र हामीले गर्ने आराधनाले हामीलाई के गर्न सक्दछ? आराधना, स्तुति र भजनका धेरै उदाहरणहरू दाउदमा हामी पाउँछौं। परमेश्वरमा आनन्दित भएर गीत गाउने, उपासना गर्ने र प्रशंसा गर्ने र परमेश्वरको उपस्थितिको प्रत्याभूति गर्ने कुराहरूले दाउदको जीवनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए।

तर ती अनुभवहरू केवल बाइबलको इतिहासमा मात्रै सिमित नराखेर हाम्रो पनि हुनुपर्दछ। आराधना गर्न आह्वान गरिएको प्रकाश १४ मा उल्लेखित प्रथम स्वर्गदूतका सन्देशलाई यदि हामीले सम्झन सक्यौं भने दाउदको अनुभव हाम्रो पनि हुनुपर्छ भनि यकिन हुनेछौं। "उपासना वा आराधना गर्नुको अर्थ के हो? यो कसरी गरिने? हामीले

यो किन गर्ने? आराधना गर्ने प्रक्रियामा संगीतको भूमिका के छ? सत्य र गलत आराधना गर्ने शैलीलाई कसरी छुट्याउने?

माथि उल्लेखित बिषयवस्तुहरूलाई यस अध्ययन पुस्तिकामा बिभिन्न तवरले छुन खोज्नेछौं। यो आह्वानलाई हामीले ध्यानपूर्वक सुन्नुपर्दछः "आऔं, परमेश्वरको अगाडि शिर निहुराऔं र उहाँको आराधना गरौं। हाम्रो सृष्टिकर्ता प्रभुको सामु घुँडा टेकौं। उहाँनै हाम्रो स्वामी र प्रभु हुनुहुन्छ। हामी उहाँका बगालमा रहेका भेंडाहरू हौं। हामी ती जनहरू हौं जसलाई उहाँले राम्रोसँग हेरबिचार गर्नुहुन्छ" (भजन ९५:६,७ रूपान्तरित)।

## १. राजा सावल र दाउदको बीचमा भिन्नता (भजन ५१:१-६)

दाउद राजा हुनुभन्दाको पहिलाको जीवन देहायका पदहरूमा पढ्नुहोस्ः १ सामुयल १६:६-४७, १८:१४, २४:१०, २६:९ र ३०:६-८। दाउदको चरित्रको बारेमा ती पदहरूले हामीलाई के भन्दछ?

परमेश्वरले सावललाई प्रथम राजा नियुक्ति गर्नुभयो किनभने उनी मानिसहरूले चाहना गरेको अनुसारको राजा थिए। तर जब परमेश्वरले दाउदलाई अर्को राजा हुन चुन्नुभयो तब उनी मानिसहरूको चाहना अनुसार नभएर उनकै चाहना अनुसार दाउदलाई राजा नियुक्ति गरेका थिए। जब भविष्यवक्ता सामुयलले यिशैका छोराहरू मध्ये एक जनालाई राजा बन्न अभिषेक गर्दै थिए तब परमेश्वरले उनलाई यसरी सम्झाउनुभयो, "मानिसले रूपलाई हेर्छ तर परमप्रभुले हृदयलाई हेर्नुहुन्छ" (१ सामुयल १६:७)।

हो, दायद सिद्ध र बत्तिस लक्षणले सुसज्जित भएको परिपक्व मानिस थिएन। सावलका पापहरू भन्दा दाउदका पछिल्ला पापहरू जघन्य थिए भनेर कतिले औंल्याउँछन्। तर परमेश्वरले सावललाई त्याग्नुभयो र दाउदलाईचाहिं उनका कसुरहरूलाई क्षमा दिनुभयो। दाउदको अपराधको बाबजूद पनि परमेश्वरले उनलाई राजा

बनिरहनबाट रोक्नुभएन। सावल र दाउदको बीचमा के यस्तो भिन्नता थियो जसले गर्दा परमेश्वरको ती दुई व्यक्तित्वलाई हेर्ने दृष्टिकोणमा फरक हुनपुग्यो?

हामीलाई चाहिने आस्था र बिश्वासका लागि अत्यावश्यक सत्य देहायका पदहरूमा कसरी देखाइएको छ? भजन ३२:१-५ र भजन ५१:१-६।

"परमेश्वरले हृदयसँग कारोबार गर्नुहुन्छ। भित्री नियत वा मनस्थिति, तर्क र बिचारको केन्द्रविन्दु हृदय वा विवेकलाई परमेश्वरले राम्रैसँग पढ्नुहुन्छ। (परमेश्वरले आत्मनिर्णयलाई हस्तक्षेप गर्नुहुन्न)। तर जुन हृदय परमेश्वरको लागि खुला गरिएको छ त्यसलाई छोएर परिवर्तन गर्न सक्नुहुन्छ। दाउदले आफ्नो अघोर पापदेखि वाक्क भएको थियो। उनको पापी हृदय डामाडोल भएको थियो। उनले पश्चताप गरे र पापको परिणाम भोग्न उनले धैर्यतासाथ स्विकार गरे। सावलले देखावति रूपमा भूल स्विकार गरे। तर उनको हृदय परमेश्वरमा समर्पित थिएन भनेर उनको चर्तिकलाले स्पष्ट पारेको थियो। परमेश्वरले सावलमाथि इस्रायल राज्यको अभिभारा सुम्पन्नुभएको थियो। तर त्यो राज्यलाई संचालन गर्न सावल एक्लैलाई छोडिएको थिएन। सावललाई आफ्नो कमजोर थाहा पाउन र परमेश्वरको अनुग्रहको आवश्यकतालाई पहिल्याउन परमेश्वरले उनीमाथि पवित्र आत्मा राखिदिनुभएको थियो। यदि सावलले परमेश्वरमाथि पूर्ण रूपमा भर परेको भए परमेश्वर उनीसँग हुनेथियो। जबसम्म सावलले परमेश्वरको योजनामा सम्मलित भएर उहाँको निर्देशन अनुसार चले तबसम्म परमेश्वरको आत्मा उनलाई अगुवाइ गर्न सक्रिय भएका थिए। परमेश्वरले सावलको प्रयत्नलाई सफलता पनि दिइरहन सक्नुहुन्थ्यो। तर जब सावल परमेश्वरबाट स्वतन्त्र भएर काम गर्ने चुने तब परमेश्वर पनि उनको अगुवा हुन कर गर्न चाहनुभएन। यसको फलस्वरूप परमेश्वरले सावललाई उनकै आत्मनिर्णयमा छोड्नुभयो र उनलाई

त्यागन बाध्यहुनुभयो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ६३६बाट रूपान्तरित।

आत्मआलोचना गरेर आफूभित्र के भइरहेछ सो सोच्नुहोस्। के तपाईं अरूले बाहिर मानिसले देखेको भन्दा फरक हुनुहुन्छ? तपाईंको जवाफले तपाईंको बारेमा के भन्दछ?

## २. टुक्रिएको हृदय, फुटिएको आत्मा वा जोश (भजन ५१:१७)

" हे परमेश्वर तपाईंको चाहना नै हाम्रो छिया छिया भएको हृदय वा आत्मालाई हो। तपाईंको निम्ति यो भन्दा ठूलो बलिदान वा त्याग अरू के छ र? पापले गर्दा दिक्क वा वाक्क भएर टोडिएको हृदयलाई तपाईंले सहस्र स्वीकार गर्नुहुन्छ" (भजन ५१:१७ रूपान्तरित)। परमेश्वरको आराधना गर्ने सन्दर्भमा दाउदका ती वचनहरूलाई गहिरिएर सोच्नुहोस्। (इस्रायलीहरूले गरिने आराधना प्रक्रियाका महत्त्वपूर्ण भाग पशु बली वा बेदीमा चढाइने दान थियो)। "टोडिएको" भन्ने शव्दको अर्थ हिब्रू भाषामा "छिया छिया" वा "पेलिएको" हो। यो शव्दलाई ख्याल गर्नुहोस्। परमेश्वरले हामीलाई यहाँ के भन्न खोजिरहनुभएको हो? परमेश्वरको उपासना गर्ने बेलामा हामी आनन्दित हुनुपर्दछ र साथै हाम्रो हृदय छिया छिया हुनुपर्दछ रे! यी दुई भावनाहरूलाई हामीले कसरी बुझ्ने वा मिलाउने?

हामी इसाई भएको हैसियतले हामीलाई यो थाहा छ, सारा मानिस पापमा फसेक छन् र पापी हुन्। पापले सबै धर्म, जात, लिङ्ग, वर्ग, उमेर, दर्जा रङ्ग आदिलाई समेतेको हुन्छ। तपाईं के हुनसक्नुहुन्छ तर के भइरहनुभएको छ, त्यस भिन्नता बारे सोच्नुहोस्। उदाहरणमा तपाईंले केहि कुरा सोच्नुभयो रे। तर त्यो बिचार जुन हुनुपर्नेमा बिपरित भयो रे।अर्थात् तपाईंले सोच्नुपर्ने बिचारको सट्टा अर्कै बिचारहरू मनमा खेलायो रे। तपाईंले के गर्नुहुन्छ र के गर्नुपर्छको बीचमा स्पष्ट अन्तर हुन्छ। तपाईंलाई के थाहा छ सो नगरी अर्कै गर्नुहुन्छ वा के उचित छ सो गर्नुपर्ने थाहा पाउँदा पाउँदै पनि त्यो गर्नुहुन्न। जब हामी येशूलाई

हेर्छौं तब उहाँको नजरमा यथार्थमा हामी कत्ति कमजोर भएको देख्छौं। टोडिएको आत्मा र छिया छिया र पेलिएको हृदय त्यस अनुभवबाट निस्केको हुन्छ। इसाई भनेर दावी गर्नेहरूले यो कुरालाई नदेख्नु साँच्चिक्कै बुद्धिमानी हुँदैन।

हामी सबै पापी छौं। तर परमेश्वरले हामीलाई यसरी असाध्यै प्रेम गर्नुभयो कि उहाँले आफ्नो प्रिय पुत्र येशूलाई पठाउनुभयो। हाम्रो सट्टा क्रुसमा उहाँ मर्नु भयो। अब उहाँको सिद्ध वा परिपक्व जीवन, उहाँको सिद्ध पवित्रता, उहाँको सिद्ध चरित्र हाम्रो बिश्वासद्वारा हामीलाई हस्तारन्तरण गरिएका छन्। यहाँ फेरि प्रकाश १४:६मा उल्लेखित अजम्मरीको सुसमाचारको बिषय देखापरेको हामी देख्छौं। हामीले उपासना वा आराधना गर्दा त्यसको केन्द्रविन्दु हाम्रा पापहरू हुनुहुन्दैन। हाम्रो पापको समस्यालाई परमेश्वरले अचम्म तरिकाले क्रुसद्वारा कसरी समाधान गर्नुभयो भन्ने विषयमा पनि हाम्रो आराधना केन्द्रित हुनुपर्दछ। यसको लागि हाम्रो हृदय छिया छिया भएको, टोडिएको हुनुपर्दछ। हाम्रो नाजुक अवस्थाको बाबजुद पनि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुहुन्छ भन्ने आत्मज्ञानले हामीलाई हर्षित पार्नुपार्दछ। येशूले गर्दा पापको हिसाबकिताब राखेर हाम्रो खिलाफमा परमेश्वर जानु हुन्न। चाहे सामुहिक होस् वा व्यक्तिगत उपासनामा होस्, हाम्रो आराधनाको मूल केन्द्रविन्दु हरदम यहि सत्यमा आधारित हुनुपर्दछ।

## ३. दाउनको शङ्कल्पः स्तुति प्रशंसाले परमेश्वरको भजन गर्नु र आराधना गर्नु (१ इतिहास १६:८,१२,१६-२२)।

परमेश्वर र उहाँले दिनुहुने मुक्तिको बरदानलाई दाउदले राम्रैसँग बुझेका थिए। यो आत्मज्ञानले उनको जीवनमा प्रभाव पारेको थियो र साथै यसैले गर्दा आफ्ना जनहरूका आत्मिक अगुवा हुन सक्षम हुनपुगेका थिए। दाउद परमेश्वरप्रति कत्तिको श्रद्धा राखेका रहेछन् भनेर उनले रचना गरेका भजन, गाएका स्तुती-प्रशंसा र प्रार्थनाहरूले

देखाउँदछन्। परमेश्वर आफ्नो व्यक्तिगत मित्र र मुक्तिदाता हुनुहुन्छ भनेर उनले जानेका थिए र उहाँलाई उनले अति प्रेम गर्दथे।

परमेश्वरको पवित्र सन्दुक येरुशलेममा ल्याइएको बेलामा दाउदले नयाँ प्रशंसा र धन्यबादको भजन रचेका थिए। ती दाउदले आफ्नो मूल सङ्गितकार आसाफलाई दिएको थियो भनेर १ इतिहास १६:७ले बताउँदछ। त्यस प्रशंसाको भजनमा दुई महत्त्वपूर्ण भाग ओगेटेका छन्ः (१) परमेश्वर आराधना योग्यको हुनुहुन्छ र (२) मानिसहरूले परमेश्वरको उपासना तथा आराधना गर्नुपर्दछ। परमेश्वरका उपासकहरूलाई आराधना गर्ने वखतमा सक्रिय भाग लिनुपर्दछ भनेर दाउदले त्यस भजनमा आह्वान गरेको पाउँछौं।

१ इतिहास १६:८-३६मा उल्लेखित सम्पूर्ण भजनलाई ध्यानपूर्वक पढ्नुहोस्। त्यस भजनमा प्रायजसो उल्लेखित देहायका क्रियाशील शव्दहरू ख्याल गर्नुहोस्ः धन्यबाद देओ, भजन स्तुति गाओ, उहाँको नाउँको पुकारा गर, उहाँलाई खोज, उहाँको बारेमा थाहा देओ, उहाँको बारेमा कुरा गर, उहाँको बारेमा बयान देओ, उहाँको महिमा गर, परमेश्वर को हुनुहुन्छ भनेर घोषणा गर, उहाँको याद गर र उहाँकहाँ भेटी ल्याओ। अनि परमेश्वर किन आराधना र प्रशंसाको योग्य हुनुहुन्छ भनेर कारण देखाएर दाउदले केहि शूची तयार गरेका थिए।

१ इतिहास १६:८, १२, १६-२२को अनुसार विगतका केहि घट्नाहरू यसरी घटेका थिए जुन इस्रायलका मानिसहरूले अरूहरूलाई जानकारी दिनु आवश्यक थिए? र पद १२ र १५ अनुसार परमेश्वरका के यस्ता विशेष कामहरू थिए जुन तिनीहरूले याद गरिरहनुपर्दथ्यो?

त्यस कृतज्ञको भजनमा झण्डै एक तिहाई भाग परमेश्वर र इस्रायलीहरूको बीचमा भएको करार वा सम्झौताको बारेमा उल्लेख गरेका छन्। आराधनाको प्रक्रियामा परमेश्वर र मानिसको बीचको करार वा सम्झौतासँग किन सरोकार छ?

अब्राहम, इसाहक र याकूबसँग परमेश्वरले करार बाँध्नुभएको थियो। त्यस करार वा सम्झौतामा तिनीहरूलाई महान् राष्ट्र बनाउन, आशिष दिन र प्रतिज्ञा गरिएको देशमा ल्याउन परमेश्वरको सामर्थमा आधारित थियो। परमेश्वरको पक्षमा रहेर उहाँलाई प्रेम गर्ने, उहाँको निर्देशनलाई पालन गर्ने र उहाँलाई परम पिता र परमेश्वर भनेर प्रतिवद्धता देखाउने तिनीहरूको भाग थियो। हो, वर्तमान परिप्रेक्ष्यमा हामीहरूको जीवनशैली केहि फरक होला। तर परमेश्वरले रच्नुभएको नक्सामा हामी समावेश हुन तिनै सुत्रहरूले हामीलाई बाँधिनुपर्दछ।

परमेश्वरको उपासना गर्न दाउदले गरेको आह्वानलाई सोच्नुहोस्। साथै उनले देखाएका आराधना गर्ने उपायहरूलाई पनि ख्याल गर्नुहोस्। बर्तमान समय, स्थान र सेरोफेरोमा त्यहि अबधारणाहरूलाई परमेश्वरको आराधना गर्न हाम्रो चर्चमा कसरी प्रयोग गर्न सकिन्छौं?

## ४. दाउदले रचेका परमेश्वरको स्तुति-प्रशंसा (अयूब ३८:७)

“बिहानका ताराहरूले एकै साथ गाए। सारा स्वर्गदूतहरू आनन्दले चिच्याए” (अयूब ३८:७ रूपान्तरित)।

दाउदले परमेश्वरको प्रशंसा गर्दै रचेको गीत २ सामुयल २२मा उल्लेख गरेको छ। (यस भजनलाई सरसर्ती हेर्नुहोस्। त्यहाँ के महत्त्वपूर्ण तत्वहरू छन् र आराधना गर्ने शैलीसँग तिनीहरूको के सम्वन्ध छ? यसमा र बाइबलका बिभिन्न भागमा देखाएको अनुसार यो भजन केवल औपचारिक रूपमा उच्चारण गर्ने नभएर गीतै थियो। त्यसमा सङ्गित थियो। आराधनाको महत्त्वपूर्ण भाग सङ्गित पनि हो भनेर बाइबल भरी भएको हामी पाउँछौं। जब संसारको सृष्टि भएको थियो त्यसबेला सारा स्वर्गदुतहरू रमाहट भएर गाए भनेर माथि अयूबको उदगारमा पाउँछौं।

पाप नभएको स्वर्गमा के भइरहन्छ भनेर देहायका पदहरूले हामीलाई भन्छन्: प्रकास ४:९-११, ५:९-१३, ७:१०-१२ र १४:१-

३? ती पदहरूमा के यस्ता विषयवस्तुहरूलाई औंल्याइएका छन्? तिनीहरूबाट हामीले आराधनाको बारेमा के सिक्न सक्छौं?

त्यहाँ गाइएका गीत र प्रशंसा र गरिएका आराधनाका मूल विषय वस्तुले येशू सृष्टिकर्ता र मुक्तिदाता भनेर औंल्याउँछ। यदि ती देवदूतहरूले स्वर्गमा ती विषयवस्तुको बारेमा स्तुति गर्दछ भने हामी यस पृथ्वीमा भएकाहरूले पनि त्यहि विषयवस्तुलाई आत्मसात् गरिनुपर्दछ, तर झन वढ्ता गरेर।

हामीहरूको आराधनामा गीत, सङ्गित र स्तुतिप्रशंसा समावेश गरिएको हुन्छ भन्ने कुरामा कसैको दुईमत छैन। हामीलाई परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हुनाले हामीमा पनि सङ्गितप्रति अभिरूची तथा मोह हुनु स्वभाविकै हो। कुनै न कुनै प्रकारको सङ्गित नभएको संस्कृति अकल्पनिय कुरा हो। सङ्गितप्रति अभिरुची र मोहलाई परमेश्वरले हाम्रो प्रत्येक मानविय अनुभवमा बुनीदिनुभएको छ। हाम्रो जीवनको बनावतमै सङ्गितलाई कदर गर्ने गुणलाई परमेश्वरले हृदयमा राखीदिनुभएको छ। सङ्गितको शक्तिले जस्तै हाम्रो हृदयको मर्मलाई छुन र हामीलाई परिचालन गर्न शायद कुनै अरू संञरमा छैन भन्ने तर्क अतिरञ्जित (बढाईचढाई) होइन भनेपनि हुन्छ। उत्कृष्ट सङ्गितले हामीलाई परमेश्वरको साम्मुख उचाल्दछ। कुनै न कुनै समयमा सङ्गितको शक्तिले परमेश्वरको नजिक हामीलाई ल्याइएको अनुभव कसले गरेकाछैनन् होला र?

तपाईंको आध्यात्मिक जीवनमा सङ्गितको प्रभाव कत्तिको छ? उचित गीत र स्तुति प्रशंसालाई तपाईंले आफ्नो आत्मिक अनुभवमा कसरी गाँस्नुभएको छ? तपाईंले कस्तो खालको गीत वा सङ्गित सुन्नुहुन्छ? परमेश्वरसँगको सम्वन्धमा ती सङ्गितले कस्तो भूमिका खेलिरहेको छ?

## ५. परमेश्वरको निम्ति नयाँ गीत गाओ ! (१ कोरन्थी १०:३१)

परमेश्वरका प्रशंसक दाउद र अरूले रचेका गीतका केहि अंशहरू हामीसित छन् तर त्यसलाई गाइएको वा जनाइएको सङ्गित भने छैन। सङ्गित रचना गर्ने परमेश्वरले दिनुभएको बरदानलाई (यो दक्षता हामी

मध्य कतिपयमा भएको पाउँछौं) उपयोग गरेर उहाँको भजनलाई सङ्गीतमा उतार्न सक्दछौं। गीतहरू रच्ने दक्षता कतिमा नहोला, तर सङ्गित रचने कलाचाहिँ धेरैमा भएको हामी पाउँछौं। कसैले रचेको गीतहरूलाई सङ्गितमा उतार्ने कतिको अभिरूची हुनसक्दछ। तर हामी सबैलाई थाहा छ, कुनै पनि गीत वा सङ्गित वेफ्वाकमा गाइदैन न त रचिन्छ नै। हामी जुन संस्कारमा छौं त्यहि संस्कारसँग सरोकार राखेर पूजा आराधना गरिन्छ। हामीलाई र हाम्रो सङ्गितलाई हामी रहेको संस्कार वा संस्कृतीले प्रभाव पारेको हुन्छ। यो असल पनि हुनसक्छ वा खराब पनि हुनसक्छ। यसमा असल र खराब छुट्याउनचाहिँ असाध्य गाऱ्हो हुनसक्छ।

परमेश्वरको आराधना गर्ने शैलीमा कस्तो खालको सङ्गित हुनुपर्दछ भनेर औंल्याइएको केहि महत्त्वपूर्ण सुत्रहरू देहायका पदहरूमा के छन्: १ कोरन्थी १०:३१, फिलिप्पी ४:८ र कलस्सी १:१८?

प्रारम्भिक कालदेखि नै हाम्रो चर्चको आराधना गर्ने चलनमा कस्तो खालको सङ्गित हुनुपर्दछ भनेर बादबिवाद भइरहेको हामी पाउँछौं। संसारका मानिसहरूले प्रयोजन गरेको सङ्गित र चर्चले प्रयोग गरेका सङ्गितलाई छुट्याउन कतिपटक त गाऱ्हो भएको हामी पाउँछौं। (कतिसमयमा त रेडियो, टीभी वा सांसारिक मानिसहरूले गाएका बजाइका गीत सङ्गित र चर्चमा गाएका गीत र बजाइएका सङ्गितको बीचमा केहि अन्तर नभएको हामी पाउँछौं)।

तर परमेश्वरको आराधना गर्ने समयमा यो कुरालाई मध्यनजर राख्नु अत्यावश्यक ठान्नुपर्दछः हामीहरूको गीत वा सङ्गित आदर्शमय, उत्कृष्ट, अत्यन्त शुद्ध, गरिमामय र हृदयलाई छुने खालको हुनुपर्दछ जसले हामीलाई होइन न त हाम्रो कलालाई तर परमेश्वरलाई औंल्याउँछन्। उपासनाको केन्द्रविन्दु हाम्रो निपुणता नभएर परमेश्वर हुनुपर्दछ। हामीहरूको तल्लो शारीरिक भावनाहरूलाई उत्तेजित पार्ने खालका सङ्गित चर्चमा भित्र्याउनुहुन्दैन। सङ्गित तटस्थ वा न्युट्ल हुन्दैन। हामीले गाउने बजाउने सङ्गितले आध्यात्मिक अनुभवमा कि त उच्चकोटी हासिल गराउँछन् कि त सैतानले त्यसलाई प्रयोग गरेर हाम्रो

तल्लोस्तरको भौतिक अभिलाषालाई उत्तेजित पारेर यौनक्रिया गर्नेतिर उक्साउँछन्। शारीरिक अभिलाषालाई उत्तेजित पार्ने सङ्गितले हाम्रा नकारात्मक भावनाहरूलाई उचाल्न सक्दछन्। उदाहरणमा हामी अहिलेका सङ्गित उत्पादनलाई हेरौं। मानिसलाई परमेश्वरले दिनुभएको अचम्मको बरदानलाई सैतानले काबुमा राखेर कसरी भडकाइ दिन्दो रहेछ भन्ने उदाहरण सङ्गित पनि अग्रपन्तिमा रहेको हामी पाउँछौं।

हामीहरूको आराधना गर्ने चलनमा सङ्गितलाई सन्तुलनमा ल्याउनुपर्दछ। यसले हामीहरूका भावना, आत्मा र दिमागलाई उचाल्नुपर्दछ। बिभिन्न बाजाहरू समावेश भएका गीतका शव्द तथा लयहरूले हामीहरूको अध्यात्मिक चेतनालाई उच्चकोटीमा पुर्‍याउने हुनुपर्दछ। तिनीहरूले हाम्रो बिचारहरूलाई आदर्शमय बनाउनुपर्दछ। र तिनीहरूले हाम्रो अतिहित गर्ने परमेश्वरप्रति विश्वास र आस्था जगाउने हुनुपर्दछ। उचित सङ्गितले हामीलाई येशूको क्रुसमा हामीलाई ल्याउनुपर्दछ। ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो सो ती गीत तथा सङ्गितले हामीलाई बुझाउनुपर्दछ। हाम्रो चर्चमा वा आराधना गर्ने चलनमा यस्ता खालका गीत र सङ्गित समावेश हुनुपर्दछ।

फेरि, बिभिन्न संस्कारको सङ्गितको स्वाद बिभिन्नै हुनसक्छन्। सङ्गित र बाजागाजाहरू बिश्वको हाम्रो समाजमा विभिन्न हुन्छन्। एउटा संस्कार वा सभ्यतामा गाउने बजाउने सङ्गितले त्यस समाजका मानिसलाई आदर्शमय र परमेश्वरतिर खिँच्ने हुन्छ भने त्यहि सङ्गित अर्को समाजमा अनौठो लाग्न सक्दछ। जे भएतापन यस मामिलामा हामीलाई परमेश्वरको अगुवाईमा भरपर्नुपर्दछ भन्ने कुरालाई बिर्सनुहुन्न। परमेश्वरको आराधना गर्ने चलनमा जुनसुकै गीत वा सङ्गितको सेरोफेरोमा हामी परेतापनि त्यसले हामीलाई परमेश्वरतिर उचालेको हुनुपर्दछ भन्ने कुरालाई मध्यनजर राख्दा यस मामिलामा हामी सुरक्षित हुनसक्दछौं।

**उपसंहार:**

थप जानकारी: "परमेश्वरको सामु उपस्थित हुन मानिसको कुनै धर्मकर्मले न त बदलिन सक्दछ न त प्रभाव पार्नसक्छ भन्ने कुरा स्पष्ट

हुनुपर्दछ। यदि विश्वास वा आस्था र सुकर्मबाट कसैले मुक्ति किन्न सक्छन् भने सृष्टिकर्ता आफूले सृष्टि गरेका मानिसहरूको नियन्त्रणमा हुन्थ्ये। यसले झुठलाई पनि सत्य भनेर बिश्वास दिलाउने मौका दिलाउँछ। यदि कसैले धर्मकर्मको क्रियाकलापबाट मोक्ष आर्जन गर्न सक्छ भने त्यो मानिस रोमन क्याथोलिक धर्मालम्वी वा कुनै धर्मको अनुयायीको स्थानमा पर्नसक्छ जसले आफ्नो पाप मोल तिरेर चुक्ता गर्न प्रयत्न गर्दछन्। यसबाट मुक्ति भनेको किनबेचको कारोबार हुन जानसक्छ। तर यदि मानिसले असल धर्मकर्म, त्याग, तपस्या वा परोपकारीय कामबाट मोक्ष आर्जन गर्न सक्दैनन् भने उसलाई अनुग्रहको आवश्यकता हुन्छ। त्यो अनुग्रह पापीले प्राप्त गर्नसक्दछ किनभने उसले येशूलाई बिश्वास गर्दछ। यो मुफ्तमा दिइएको उपहार हो (अर्थात् मानिसको प्रयासबाट उपलव्ध हुने लक्ष्य होइन)। येशूलाई ग्रहण गर्नेले उनी दोषरहित ठहर्छ किनभने उसले विश्वासद्वारा उहाँमा आएको छ। बिनाप्रश्न त्यो मानिस क्षमाको पात्र हुन्छ। र जब येशू र सैतानको बीचमा भएको महान् अन्तरद्वन्धको अन्त हुन्छ तब पतित मानिसले धर्मकर्म र सुकर्मले किन अनन्त जीवन पाउनेछैन भन्ने कुराको मामिला सदाको निम्ति थान्को लगाइनेछ।"-एलेन जी ह्वाइट, *फेथ एण्ड वर्कस्*, पृ. १९,२०बाट रूपान्तरित।

मानव हृदयमा सत्य आत्मज्ञानको प्रभाव पार्न सङ्गीतले ठूलो भूमिका खेल्न सक्दछ। प्रायजसो मानिसहरू जब निराश र हतोत्साह हुन्छन् यदि बालककालमा सिकेका परमेश्वरका वचनहरू र गीतहरू उनीहरूले सम्झियो भने उनीहरूका हृदय उचालिएको अनुभव हुनसक्दछ। लोभलालचको शक्तिले उनीलाई माथ गर्न सक्दैन। यस्तो वखतमा उनीहरूको जीवनले पनि नयाँ मोड लिनसक्दछ र नयाँ लक्ष्यतिर अग्रसर गराउन सक्दछ। यसले गर्दा अरू मानिसहरूसँग पनि उनीहरूले उत्साह र आनन्द बाँड्न सक्दछन्।

"धार्मिक क्रियाकलापमा सङ्गीतको स्थान प्रार्थना जत्तिकै महत्त्व हुन्छ। यथार्थमा भन्ने हो भने धेरै प्रार्थनाहरू गीतको रूपमा रचिएका हुन्छन्।....

"जब हाम्रो मुक्तिदाता येशूले हामीलाई परमेश्वरको नजिक डोर्‍याउनुहुन्छ, तब हामी उहाँको महिमाको नजिक पुगिन्छौं। त्यसबेला परमेश्वरको सिहाँसन वरिपरि रहेका स्वर्गदूतहरूले गाएका स्तुति र धन्यबादको गीतका विषयवस्तुहरूलाई केहि हदसम्म बुझ्न मद्दत हामीले पाउनेछौं। जब स्वर्गदूतहरूले गाएका गीतहरूको प्रतिध्वनी हाम्रा सांसारिक घरमा सुनिन्छ तब हाम्रा हृदयहरू स्वर्गका ती गाउने स्वर्गदूतहरूको नजिक तानिनेछौं। हामीले स्वर्गमा गाउने गीत यसै पृथ्वीबाट सुरू गरिनेछ। परमेश्वरलाई गरिने स्तुती र प्रशंसाका महत्त्वपूर्ण भागहरू यहि संसारमा सिक्दछौं।"-एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १६८बाट रूपान्तरित।

**चिन्तनमननः**

क. तपाईंको चर्चमा गाउने गीत र बाजागाजामा तपाईंको सस्कृतिले कत्तिको प्रभाव पारेको छ? वा सस्कृतिले प्रभाव पारेको छैन भनेर तपाईं ढुक्क हुनुभएको छ?

ख. यस अध्यायको अन्तिम भागमा उदृध गरिएका एलेन जी ह्वाइटका टिप्पणीलाई फेरि पढ्नुहोस्। तपाईंको चर्चको आराधनामा गाएका गीत वा बजाएका सङ्गीतले एलेन जी ह्वाइटले व्यक्त गरेका भावनालाई तपाईंले कत्तिको अनुभव गर्न सफल हुनुभएको छ? हाम्रा चर्चका सङ्गीतका महत्त्वपूर्ण भागलाई मूल्याङ्कन गर्न के के उपायहरू छन्? तपाईंको चर्चमा भित्राइएको सङ्गीतले आत्मिक जागरण ल्याउन, उत्साह दिन र यसले गर्नुपर्ने मर्यादित काम गराउन तपाईंको चर्चले मिलेर के गर्नसक्नुहुन्छ? तपाईंको चर्चका सङ्गीत गरिमामय छ भनेर तपाईं कसरी यकिन हुने?